का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ फागुन २०७९,
शुक्रबार
17 February 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २३ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



### राष्ट्रपतिमा सहमतिको प्रयास

# घर्किंदो समय

बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र प्रमुख सत्ता साझेदार दल एमालेका अध्यक्ष केपी शर्मा ओली साढे दुई घण्टा छलफलमा जुटे । तर, छलफलको मूल विषय राष्ट्रपतिमा कसो गर्ने भन्ने टुंगो लागेन ।

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, ४ फागुन ।

नेताहरुका अनुसार प्रमुख सत्ता साझेदार दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली राष्ट्रपतिबारे रहेको संशय मेट्ने प्रयास गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न बिहीबार प्रधानमन्त्रीको सरकारी निवास वालुवाटार गएका थिए । यस प्रयासका निम्ति उनले प्रचण्डलाई मनाउने प्रयास गरे । उनीहरुबीच साढे दुई घण्टा छलफल भयो । तर, छलफलको मूल विषय राष्ट्रपतिमा कसो गर्ने भन्ने टुंगो लागेन ।

वर्तमान राजनीतिक परिदृष्यमा सत्ता गठबन्धनभित्र देखिएका विविध आशंका मेटाउने विषयमा समेत छलफल भएका नेताहरु बताउँछन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले कांग्रेसबाट राष्ट्रपति बनाउन लागेको चर्चा चलिरहँदा प्रधानमन्त्री र ओलीबीच केही सातायता बाक्लै भेटवार्ता भइरहेका छन् ।

सरकार गठनताका एमालेबाट राष्ट्रपति बनाउने सहमति भएको बताइए पनि माओवादी केन्द्रले राष्ट्रिय सहमतिका आधारमा राष्ट्रपति बनाउने निर्णय गरेको छ । जसकारण एमाले सशंकित बन्दै आएको छ ।

राष्ट्रपतिको निर्वाचनलाई लिएर सत्ता गठबन्धनमा अविश्वास बढ्दै गइरहेको बेलामा प्रधानमन्त्री प्रचण्ड भेट्न ओली बालुवाटार पुगेका हुन् । राष्ट्रपति निर्वाचनसँगै सरकारको पूर्णताबारेसमेत छलफल भएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीलाई दिने – बाँकी पृष्ठ २ मा

# क्वात्रा भ्रमणले बढाएको आशंका

भारतीय विदेश सचिव विनय मोहन क्वात्राको काठमाडौं भ्रमणलाई नेताहरुले शंकाका दृष्टिले हेरेका छन् । कतिपयले भारतीय हस्तक्षेपका रुपमा टिप्पणी गरेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ फागुन ।



भारतीय विदेश सचिव विनय मोहन क्वात्राले काठमाडौं भ्रमण गर्ने क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रमुख सत्तारुढ दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा लगायतसँग सम्वाद गरे । क्वात्रा भारतको दूतका रुपमा नेपाल आएका थिए ।

उनको भ्रमणलाई नेताहरुले पनि उत्तिकै महत्वका साथ हेरेका थिए । विशेषगरी अहिलेको सत्ता समीकरण बदल्नेगरी क्वात्रा नेपाल आएको टिप्पणी नेताहरुले गरेका छन् । प्रतिनिधिसभा बैठकमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले क्वात्राको भ्रमणप्रति आपत्ति नै जनाए । नयाँ राष्ट्रपति चयनबारे दबाव सिर्जना गर्न क्वात्रा नेपाल भ्रमणमा आएको टिप्पणी केसीले गरेका छन् ।

नेपाल र नेपाली नेताहरुबारे राम्रो जानकार क्वात्राले भने दुई देशबीचको सम्बन्धमै भ्रमण केन्द्रीत भएको जनाएका छन् । तर उनको भ्रमण र त्यसअगाडि नेपाली राजनीतिमा देखिएको परिवर्तनलाई चासोका साथ नै हेर्न सकिन्छ । उच्च स्रोतका अनुसार, क्वात्राले नेपाली कांग्रेसका नेताहरुलाई माओवादी केन्द्रसहितको गठबन्धन भत्कनुको कारण नै सोधेका थिए । तीन वटै चुनावमा सहकार्य गरेको माओवादी केन्द्रले कांग्रेस नेतृत्वको गठबन्धन तोडेर नेकपा एमालेको समर्थनमा सरकारको नेतृत्व गरिररहेको छ ।

क्वात्राले नेपालमा नयाँ राजनीतिक समीकरण बन्नुको कारण खोजी गरेको ती स्रोत बताउँछन् । तर यतिमै क्वात्राको भ्रमण नटुंगिएको आशंकाले समेत हेरिएको छ । एमाले र माओवादी केन्द्र सहितको गठबन्धन बदल्नुदेखि आफूले चाहेको व्यक्ति राष्ट्रपति बनाउन भारतको स्वार्थ रहेकाले त्यसैको सन्देश क्वात्राले ल्याएको आशंका समेत गरिएको छ ।

एमाले र माओवादी बीच राष्ट्रपतिमा कुरा नमिलिरहेकाले पनि क्वात्राको भ्रमणले – बाँकी पृष्ठ २ मा

# किन हुन्छ ग्याँस सिलिण्डर विस्फोट ?

एउटा सिलिण्डरको म्याद दश वर्षसम्म हुने विज्ञहरु बताउँछन् । दश वर्षपछि हाइड्रोलिक टेष्ट गर्नुपर्ने र पाँच वर्ष म्याद थप्न सकिन्छ । तर ग्याँस उद्योगहरुले भने हाइड्रोलिक टेष्टको मापदण्ड अवलम्वन समेत गरेको पाइँदैन ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ फागुन ।



बुद्धनगरस्थित नेता चन्द्र भण्डारीको घरमा बुधबार राति ग्यास लिक भएपछि भएको आगलागी

बुधवार राति प्रतिनिधिसभाका सांसद डा.चन्द्र भण्डारीको घरमा भएको ग्याँस विस्फोटले उनकी आमा हरिकला भण्डारीको निधन भयो भने भण्डारीको पनि अवस्था गम्भीर बन्यो । उनलाई थप उपचारका लागि बिहीबार नै भारत लगिएको छ । ग्याँस लिकेज भएको अवस्थामा उनकी आमाले ग्याँस बाल्न खोजेपछि उक्त दुर्घटना भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ । ग्याँस बिस्फोटका कारण सांसद भण्डारीको २५ देखि ३० प्रतिशत र उहाँकी आमा हरिकलाको ७० प्रतिशत शरीरको भाग जलेको थियो । पछिल्ला दिनमा ग्याँस विस्फोट भएर हजारौँले ज्यान गुमाईसकेका छन् भने धेरै जनधनको क्षति समेत हुँदै आएको छ । तथ्यांक अनुसार पछिल्लो तीन वर्षमा उपत्यकामा मात्रै सिलिण्डर ग्यास – बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# क्यानडा र कम्बोडिया पठाइदिने भन्दै ३० लाख रुपैयाँ ठग्ने दुई पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ फागुन

प्रहरीले वैदेशिक रोजगारीका लागि आकर्षक तलब सुविधासहित क्यानडा र कम्बोडिया पठाइदिने भनी ३० लाख रुपैयाँ बराबर ठगी गरेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले छुट्टाछुट्टै स्थानबाट उनीहरूलाई पक्राउ गरेको बताएको छ ।

प्रहरीले क्यानडा पठाइदिन्छु भन्दै १९ लाख ९० हजार रुपैयाँ ठगी गरेको आरोपमा सर्लाही, लालबन्दीका लक्ष्मण थापालाई पक्राउ गरेको छ । थापाले झापाको कमल गाउँपालिकाका सोमनाथ उप्रेतीलाई क्यानडा पठाउने भन्दै २३ लाख रुपैयाँमा मोलतोल गरेर पटक-पटक गरी १९ लाख ९० हजार रुपैयाँ लिएको प्रहरीको भनाइ छ । प्रहरीले थापालाई वैदेशिक रोजगार ऐनअनुसार कारबाहीको माग गर्दै वैदेशिक रोजगार विभाग बुद्धनगर पठाएको छ ।

त्यसैगरी वैदेशिक रोजगारीका लागि कम्बोडिया पठाइदिन्छु भन्दै १२ लाख रुपैयाँ ठगी गरेको आरोपमा दैलेख भगवतीमाईका तोपेन्द्र सिंहलाई पनि प्रहरीले पक्राउ गरेको छ । सिंहले प्रतिव्यक्ति ६ लाख रुपैयाँमा पाँचतारे होटलमा वैदेशिक रोजगारीका लागि कम्बोडिया पठाइदिन्छु भन्दै १२ लाख रुपैयाँ लिएर ठगी गरेको प्रहरीको भनाइ छ ।

सिंहलाई वैदेशिक रोजगार ऐन अन्तरगत नभई मुलुकी अपराध संहिताअनुसार मुद्दा चलाउन जिल्ला प्रहरी परिसर टेकुमा राखिएको प्रहरीले जनाएको छ । उनलाई ऐनको – बाँकी पृष्ठ २ मा

### यूएई कामदारमैत्री योजनाको कार्यान्वयनतिर

**यूएई/मस–** अबुधावी लेबर कोर्टले कामदारका अधिकार सुरक्षित गर्न र प्रदान गरिने सेवाहरू सहजरूपमा उपलब्ध गराउन नयाँ कार्यविधिको प्रणाली अपनाएको बताएको छ । अबुधावी जुडिसियल डिपार्टमेन्टका उपसचिव यौसुफ साइद अलब्रीले उपप्रधानमन्त्री शेख मन्सुर विन जायेदको – बाँकी पृष्ठ २ मा

# अघि बढाइँदै नागरिकता विधेयक

तत्कालीन अवस्थामा नेकपा एमालेले नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई सात वर्षपछि मात्रै नेपाली नागरिकता (वैवाहिक अंगीकृत नागरिकता) दिनुपर्ने विषयमा अडान लिएको थियो ।

**शिवराज परियार/ मध्यान्ह**
काठमाडौं, ४ फागुन ।

सरकारले नागरिकता विधेयक अगाडि बढाउने तयारी गरेको छ । प्रधानमन्त्रीमा विश्वासको मत माग्दै गर्दा प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ६ महिनाभित्र नागरिकता कानुन बनाउने बाचा गरेका थिए । आफ्नो बाचा अनुसार नै नागरिकता ऐन बनाउने आफ्नो चाहना रहेको दलका प्रतिनिधिहरु समक्ष प्रधानमन्त्री प्रचण्डले राखेका छन् ।

गृहमन्त्रालय प्रधानमन्त्री प्रचण्डले नै सम्हालिरहेका छन् । नागरिकता विधेयक अगाडि बढाउने मन्त्रालय पनि गृह मन्त्रालय हो ।

अघिल्लो कार्यकालमा धेरै छलफल भएर पनि नागरिकता ऐन बन्न सकेको थिएन । संघीय संसद (प्रतिनिधिसभा र राष्ट्रिय सभाले दुई पटक पारित गरेर पठाउँदा समेत राष्ट्रपतिले प्रमाणीरण नगरिदिँदा नागरिकता ऐन बन्न नसकेको हो ।

अघिल्लो कार्यकालमा मुख्यतः विदेशी बुहारीको विषयमा दलहरुबीच कुरा मिलेको थिएन । तत्कालीन अवस्थामा नेकपा एमालेले नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई सात वर्षपछि मात्रै नेपाली नागरिकता (वैवाहिक अंगीकृत नागरिकता) दिनुपर्ने विषयमा अडान लिएको थियो । सरकारमा सँगै रहँदा माओवादी केन्द्रले पनि यही विषयमा आफ्नो अडान राखेको थियो ।

तर, पनि कांग्रेस नेतृत्वमा सरकार बनेपछि ०६३ अनुसार नै विवाह गरेर आए लगत्तै वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्ने – बाँकी पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
५ फागुन २०७९, शुक्रबार
17 February 2023, Friday

# लागुऔषधको ‘हट स्पट’ बन्यो बागमती प्रदेश

मध्यान्ह संवाददाता
काठमाडौं, ४ फागुन

पछिल्लो समय बागमती प्रदेशमा लागुऔषध कारोबारीको संख्या बढ्दै गएको पाइएको छ। हालै प्रहरीले लागूऔषध कारोबारमा संलग्न रहेको आरोपमा १३ जनालाई पक्राउ गरेको छ। ४ थाई, २ भारतीय र ७ नेपालीलाई लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरले पक्राउ गरेको हो। जिल्ला अदालतबाट म्याद लिएर उनीहरूमाथि कारबाही चलाउन अनुसन्धान भइरहेको ब्युरोले जनाएको छ।

पक्राउ पर्नेमा सोलुखुम्बुको माप्यदूधकोसी-४ का ३५ वर्षीय लाक्पा शेर्पा, भारत बिहारको मधुवनीका ३८ वर्षीय फैज अहमद, धनुषा औरही-३ का २९ वर्षीय अयान रेजा, ४५ वर्षीय जाकिर नदाफ, काभ्रेको भुम्लु-४ का २४ वर्षीय दीपक तामाङ, नुवाकोट शिवपुरी-८ का २९ वर्षीय लक्ष्मण बखती छन्।

ब्युरोले २३ किलो ८ ग्राम लागूऔषध चरेससहित थाइल्यान्डका ४ जनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको छ। ब्युरोका प्रवक्ता डीएसपी नारायण रञ्जितकारका अनुसार माघ २८ मा काठमाडौंबाट बैंकक जान लागेका उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमा ४८ वर्षीया याओवालुक जुआब्स्री, ४२ वर्षीया परिचार्ट पम्प्रुक, २५ वर्षीय नाटापोल ट्रिचैया, १९ वर्षीया नट्नारी ट्रिचैया छन्। खैरो हेरोइन र त्यो नापतौल गर्ने डिजिटल तराजुसहित मोरङ लेटाङ-२ का ३४ वर्षीय रोशन



रिसाल, केराबारी-३ का ३५ वर्षीय अमित श्रेष्ठ, बिहारका ३२ वर्षीय श्रवणकुमार महरालाई ब्यूरोले पक्राउ गरेको छ।

यि त केहि प्रतिनिधि घटनामात्रै हो। तर पछिल्लो समय बागमती प्रदेशमा लागुऔषध कारोबारीको संख्या बढ्दै गएको पाइएको छ। काठमाडौं उपत्यका बाहेकका १० जिल्लामध्ये सबैभन्दा बढी लागुऔषध कारोबार मकवानपुरमा हुने गरेको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार चालु आर्थिक वर्षको साउन देखि माघसम्म मकवानपुरमा १ सय २२ जनालाई पक्राउ गरिएको छ। मकवानपुरमा १ सय २२ जना पक्राउ परेका छन्। यस्तै धादिङमा ३५ जना र चितवनमा ९४ जना पक्राउ गरेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

यस्तै, ७ महिनाको अवधिमा सिन्धुलीमा २९, रामेछापमा २, काभ्रेमा १६ र नुवाकोटमा १ जना पक्राउ परेका छन्। प्रदेशको रसुवा, दोलखा र सिन्धुपाल्चोक जिल्लामा भने लागुऔषध कारोबार नभएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

चालू आ.व को ७ महिनाको अवधिमा प्रदेशभरबाट प्रहरीले ३ हजार ६६ किलो गाँजा बरामद गरेको छ। जसमध्ये पनि सबैभन्दा धेरै मकवानपुरबाट २ हजार १५४ किलो गाजा बरामद गरेको छ। दोस्रोमा धादिङ जिल्लाबाट ५ सय २२ किलो, चितवनबाट ३ सय ४६ किलो, सिन्धुलीबाट १२ किलो, रामेछापबाट ३ किलो, काभ्रेबाट २७ किलो र नुवाकोटबाट ३ किलो गाँजा बरामत गरेको प्रदेश प्रहरी कार्यालयको तथ्यांक छ। यस्तै, चरेस धादिङबाट १ सय ३० किलो बरामद गरेको छ भने सिन्धुलीबाट ८ किलो बरामद गरेको जनाएको छ। खैरो हिरोइन, अफिम, डाईजीपाम, फेरागन, नाइट्रोभेट, कोरेक्स लगाएतका अन्य लागुऔषध समेत बरामद गरेको भएको छ।

## राष्ट्रपतिमा...

भूमिकाबारेसमेत भेटघाटमा चर्चा भएको स्रोतले बताएको छ। बिहीबारको भेट विशेषगरी राष्ट्रपति निर्वाचन केन्द्रीत थियो। एमालेले पूर्व सहमति अनुसार राष्ट्रपति आफूले पाउने अडान राख्दै आएको छ भने माओवादीले राष्ट्रिय सहमतिको व्यक्तिलाई राष्ट्रपति बनाउनुपर्ने तर्क अघि सार्दै आइरहेको छ। दुवै शीर्ष नेता आ-आफ्नै अडानबाट टसमस नभएका निकटस्थहरुले बताएका छन्। प्रधानमन्त्री प्रचण्ड राष्ट्रिय सहमतिको रटानमा छन् भने अध्यक्ष ओली राष्ट्रपति पूर्वसहमतिअनुसार एमालेले पाउनु पर्ने अडानमा छन्। दुवै जना अडानबाट टसमस नहुँदा छलफलमा निष्कर्ष निस्कन नसकेको हो।

तर, समय भने घर्किंदै गएको छ। निर्वाचन आयोगका अनुसार यही फागुन १० गते राष्ट्रपति निर्वाचन प्रयोजनका लागि मतदाता नामावली प्रकाशन हुनेछ। ११ गते दाबी, बिरोध र उजुरी लिने, ११ र १२ गते निवेदन तथा उजुरी उपर छानबिन गर्ने, १२ गते अन्तिम मतदाता नामावली प्रकाशित गर्ने कार्यतालिका छ।

१३ गते राष्ट्रपतिको पदको लागि मनोनयन पत्र दर्ता हुनेछ। १३ गते नै उम्मेदवारको सूची प्रकाशन हुनेछ। १४ गते उम्मेदवारको विरुद्धमा उजुरी लिने, १४ र १५ गते मनोनयन र उजुरीमा छानबिन गर्ने र सोही दिन उम्मेदवारको नामावली प्रकाशन हुनेछ। १६ गते उम्मेदवारलाई नाम फिर्ता लिन चाहे समय दिने र सोही दिन उम्मेदवारको अन्तिम नामावली प्रकाशित हुनेछ। त्यसपछिको ९ दिन उम्मेदवारले प्रचारप्रसार गर्न पाउनेछन्।

अर्थात, १० गतेसम्म सत्ता गठबन्धनले राष्ट्रपतिको उम्मेदवार तय गरिसक्नुपर्छ। जतिबेला राष्ट्रपतिको निर्वाचनका लागि मतदाता नामावली नै प्रकाशन भएको हुन्छ। ढिलोमा पनि १२ गतेसम्म उम्मेदवारको टुंगो नलगाए १३ गतेसम्म सत्तागठबन्धन के हुने भन्ने प्रश्न खडा हुन सक्छ। यसकारण पनि सत्ता गठबन्धनमा रहेका नेताहरुको संवाद बाक्लिएको छ।

## क्वात्रा...

थप आशंका बढाएको हो। गत पुस १० मा प्रचण्ड प्रधानमन्त्री बनिरहँदा राष्ट्रपति एमालेले लिने सहमति जुटेको थियो। त्यही सहमति अनुसार, सातै प्रदेशमा सरकार बनेको छ। चार प्रदेश एमालेले, दुई प्रदेश माओवादीले र मधेश प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) ले सरकारको नेतृत्व गर्ने सहमति भएको थियो। तर सुदूरपश्चिम प्रदेश सरकार भने ढलेर कांग्रेस नेतृत्वमा बनिसकेको छ।

यदि एमाले र माओवादी केन्द्रको गठबन्धन भत्कने हो भने बाँकी प्रदेश सरकार पनि बदलिनेछ। तर त्यसतर्फ राजनीतिक कोर्स जाने वा नजाने भन्ने चाहिँ राष्ट्रपति पदको चुनावमै भर पर्नेछ। अहिलेको गठबन्धन जोगाएर जानेगरी प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच लगातार सम्वाद भइरहेको छ। बिहीबार पनि दुई नेताबीच लामो सम्वाद भएको थियो। तर सहमति जुट्न सकिरहेको छैन। जुटिसकेको सहमतिबाट नेताहरु पछि हट्नुलाई क्वात्राको भ्रमणसँगै जोडेर हेरिएको छ।

## किन...

विस्फोटबाट ९ जनाले ज्यान गुमाएका छन् भने ४२ जना घाइते भएका छन्।

धेरै दुर्घटना जनचेतनाको अभावमा भइरहेको विज्ञहरु बताउँछन्। ‘ग्याँस लिक भएको आशंका भएको ठाउँमा बत्ती बलेको छ भने बल्न दिनुपर्छ, बन्द छ भने खोल्नुहुँदैन। बरू कोठाका झ्याल-ढोका खोलेर ग्याँसलाई बाहिर जान दिनुपर्छ, धेरै मानिसलाई त ग्यास भरिएको कोठामा बिजुली बत्ती बाल्दा स्पार्क भएर आगलागी हुन्छ भन्ने नै थाहा छैन,’ जुद्ध वारूण यन्त्र काठमाडौंका पूर्वप्रमुख तथा अग्नि नियन्त्रक किशोरकुमार भट्टराईले भने। उनले ग्यास लिक भएको अवस्थामा बलेको बत्ती निभाउन र निभेको बत्ती बाल्न नहुने बताएका छन्। बरु, झ्याल, ढोका खोलेर अक्सिजन पर्याप्त मात्रामा आउन दिए असुरक्षा नहुने बताएका हुन्।

अझ धेरैजसो उपभोक्ताले ग्याँसको समयावधिबारे ध्यान पनि दिएको पाइँदैन। सिलिण्डरको घाँटीमा भएका ३ वटा लाम्चा डण्डीमध्ये एउटामा भित्रपट्टी सिलिण्डरको म्यादलाई जनाउने गरी कोड राखिएको हुन्छ। सो कोडकै आधारमा उपभोक्ताले सिलिण्डरको म्याद पत्ता लगाउन सक्छन्। सिलिण्डरको फलामको तौल जति भए पनि ग्यासको तौल भने १४ दशमलव २ केजी हुनैपर्ने मान्यता छ। तर, उपभोक्ता उक्त विषयमा जानकार नहुँदा धेरै व्यक्तिले अकालमा ज्यान गुमाउनु परेको छ।

एउटा सिलिण्डरको म्याद १० वर्षसम्म हुने विज्ञहरु बताउँछन्। १० वर्षपछि हाइड्रोलिक टेष्ट गर्नुपर्ने र ५ वर्ष म्याद थप्न सकिन्छ। तर ग्याँस उद्योगहरुले भने हाइड्रोलिक टेष्टको मापदण्ड अवलम्वन समेत गरेको पाइँदैन। हाइड्रोलिक टेष्ट गरेपछि सिलिण्डर नचुहिने पाइयो भने मात्रै त्यो सिलिण्डर पुनः ५ वर्षसम्म प्रयोग गर्न सकिने नत्र कवाडीमा दिनुपर्ने प्रमुख भट्टराईको भनाई छ। नेपाल आयल निगमका अनुसार देशभर अहिले २८ लाख बढी सिलिण्डरहरु उपभोक्ताका घरमा छन्। दैनिक ८० हजारदेखि एक लाख सिलिण्डर बजारबाट खाली उठ्ने र त्यति नै संख्यामा रिबोटलिङ भएर वितरकमार्फत उपभोक्ताको घरमा पुग्ने निगमले जनाएको छ। यसका अतिरिक्त देशभरका ग्याँस उद्योगमा आफ्नै स्टोरेजमा मौज्दात पनि रहेको हुन्छ। सिलिण्डरमा जोडिएको भल्व, रेगुलेटर, पाइप तथा ग्याँस चुल्होका कारणले हुने चुहावटले ९५ प्रतिशत घटना हुने गरेको पाइन्छ। उपभोक्ता सचेत नहुँदा र उद्योगले पनि मापदण्ड पूरा नगर्दा ग्याँस दुर्घटनाको जोखिम झनै बढ्न थालेको छ। तसर्थ, उपभोक्ताले ग्याँसको समायवधि र तौलमा ध्यान दिएर मात्रै खरिद गर्नु अत्यावश्यक देखिन्छ। अन्यथा, ग्याँस पड्किएर धनजनको क्षति हुनेक्रम न्युनीकरण हुनसक्दैन।

## क्यानडा...

दफा २४९ बमोजिमको कसुरमा कारबाहीको माग दाबी लिएर अभियोग दायर गर्न अनुसन्धान गरिने प्रहरीले जनाएको छ।

पक्राउ परेका व्यक्तिहरूले भिसाको शतप्रतिशत एक्युरेसी र छिटो हुने भन्दै प्रलोभनमा पारेर रकम लिएको प्रहरीले बताएको छ।

## यूएई...

निर्देशनअनुसार कामदारका मुद्दा दर्तादेखि फैसला कार्यान्वयनको अनुगमन गर्ने गरी सुधारका कामहरू अघि बढाइएको बताएका छन्।

विदेशबाट उच्च तालिम प्राप्त दक्ष जनशक्ति भित्र्याउने योजना कार्यान्वयन गरिरहेको यूएईले पछिल्ला दिनमा आप्रवासी कामदारमैत्री योजनाहरु कार्यान्वयन गरिरहेको बताएको छ।

## अघि...

प्रावधानको निरन्तरताको पक्षमा माओवादी केन्द्र रहेको थियो। अहिले फेरि एमाले र माओवादी सरकारमा छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका अनुसार नागरिकता लगायत, सुशासन, संक्रमणकालीन न्याय, शिक्षा, स्वास्थ्य सम्बन्धी विषयमा समेत विधेयकहरु तयार भएका छन्। तयार भएका विधेयकहरुलाई सदनमा लैजाने तयारी सम्बन्धित मन्त्रालयलाई गर्न निर्देश गरिएको छ।

**Province Government**
**Ministry of Road Infrastructure and Urban Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Udayapur, Province no.-1, Nepal**

**Invitation for Bids**

**Date of Publication: 2079/11/05 (17th February2023)**

1. Province Government, Ministry of Road Infrastructure & Urban Development, Transport Infrastructure Directorate, Infrastructure Development Office,Udayapur, Province no.1, Nepal invites bids from eligible bidders for following works:

| S. N | Contract ID | Description and Location of Work | Estimated Amount | Key Qualification Requirement | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | IDO/UDA/ NCB/W/B/ 74/079-080 | Construction of BuwakholaBridge along along Chisapani - Devisthan - Maintar - Pauwa - Shera Raod, Khotang | | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: Nrs. 7,75,00,000.00 Experience: At least one Pre-Stressed Motorable Bridge of Length 100.00 meter in Contract with in the last ten (10)) years, with a value of at least NRs 10,50,00,000.00 with VAT that have been successfully or are substantially completed and that are similar to the proposed works. | NRs. 45,00,000.00 (2023-08-15) | 10000.00 |
| 2 | IDO/UDA /NCB/W/R/ 75/079-080 | Upgrading of Ghurmi-Kumaltaar-Kunaighat Road. Udayapur | | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: Nrs. 3,25,00,000.00Experience: At least one Road in Contract with in the last ten (10)) years, with a value of at least NRs 1,00,00,000.00 with VAT that have been successfully or are substantially completed and that are similar to the proposed works. | NRs. 6,00,000.00 (2023-07-16) | 5000.00 |
| 3 | IDO/UDA/ NCB/W/R/ 76/079-080 | Upgrading from Madan Bhandari Highway to Shikauni tole north dwarpati siran tole, Triyuga Muncipality-09 | NRs. 24,32,078.89 | | NRs. 60,000.00 (2023-07-16) | 3000.00 |
| 4 | IDO/UDA/ NCB/W/R/ 77/079-080 | Upgrading of Vachua Dhudhae Ghimirae Taar Ramchae Puma Thaka Lamidanda Uchalane Thulo Bandh Road,Belka 9 & 6, Udayapur. | NRs. 24,14,807.94 | | NRs. 60,000.00 (2023-07-16) | 3000.00 |
| 5 | IDO/UDA/ NCB/W/R/ 78/079-080 | Upgrading of Udayapur Ranitar-pach naghi-chakewa Diktel Khotang Road, Udayapur | NRs. 19,31,563.30 | | NRs. 45,000.00 (2023-07-16) | 3000.00 |
| 6 | IDO/UDA/ NCB/W/R/ 79/079-080 | Upgrading of Diprung chuechumba-1 to khani Dada Road, Khotang | NRs. 24,15,365.25 | | NRs. 60,000.00 (2023-07-16) | 3000.00 |
| 7 | IDO/UDA /NCB/W/R/ 80/079-080 | Upgrading of Haleshi- yeklebar-dhipkhark-Nabalpur Road , Khotang | NRs. 28,98,219.16 | | NRs. 70,000.00 (2023-07-16) | 3000.00 |
| 8 | IDO/UDA/ NCB/W/R/ 81/079-080 | Construction of Double cell HPC construction and Existing S/C Bed protection work at Rajabas-Murkuchi-Baseri Road, Udayapur | NRs. 20,81,288.71 | | NRs. 50,000.00 (2023-07-16) | 3000.00 |

2. Submission and Opening:

| Last Date of Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2079/12/05(19th March 2023) | 12:00 noon | 2079/12/05(19th March 2023) | 13:00pm | Bidders download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO’s Website www.bolpatra.gov.np/egp. In e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. Pre-bid meeting shall be held at the office on 2079/11/19 (3rdMarch. 2023) at 13:00 hours. |

3. Re-Invitation of Bids

| S.N | Contract ID | Description and Location of Work | Estimated Amount with VAT& PS | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/ W/R/33/079-080 | Upgrading of Diktel Hospital-Dorpa-Dumuli 21km road, Khotang | NRs.20,96,874.59 | NRs.45,000.00 (2023-07-02) | 3000.00 |
| 2 | IDO/UDA/NCB/ W/R/57/079-080 | Upgrading of Bijole-Sankhu-Bamrang-DiktelRatnapark Road, Khotang | NRs. 20,80,323.17 | NRs.60,000.00 (2023-07-02) | 3000.00 |
| 3 | IDO/UDA/NCB/ W/R/59/079-080 | Upgrading of Kepilashgadhi Ru.Mu. Ring Road, Khotang. | NRs. 20,80,216.44 | NRs.60,000.00 (2023-07-02) | 3000.00 |
| 4 | IDO/UDA/NCB/ W/R/60/079-080 | Upgrading of BaksilaSungdel Road, Kepilashgadhi Ru.Mu., khotang | NRs.24,14,481.96 | NRs.50000.00 (2023-07-02) | 3000.00 |

4. Submission and Opening of Re-Bids Only :

| Last Date of Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2079/11/21(2023-03-05) | 12:00 noon | 2079/11/21(2023-03-05) | 13:00pm | Bidders download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO’s Website www.bolpatra.gov.np/egp. In e-bidding, Pre-bid meeting shall be held at the office on 2079/11/12 (24thFeb2023) at 13:00 hours. |

5. Revenue Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh Lekha Ikai Karyalaya, Udayapur. | Rastriya Banijya Bank. | Gaighat, Udayapur. | 2090100202030000 (Dharauti) | Office Code: 3370111011 |
| Infrastructure Development Office, Udayapur. | Rastriya Banijya Bank. | Gaighat, Udayapur. | 1000100201010001 (Rajaswa) | 14229 (Revenue) |

6. If the last date of Bid submission and opening falls on a government holiday then the next working day shall be considered at last day.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**

### यातायात व्यवसायीको आन्दोलन

# छानबिन समिति गठन




**काठमाडौं/मस-** यातायात व्यवसायीले सोमबार गोंगबुमा गरेको आन्दोलनमा भएको क्षति, लुटपाट र प्रहरीतर्फबाट भएका कमजोरीबारे जाँचबुझ गर्न समिति गठन भएको छ। प्रहरी प्रधान कार्यालय, नक्सालले घटनाबारे छानबिन गर्न उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रहरी नायब महानिरीक्षक (डीआईजी) मसउद आलम खाँको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको हो।

केन्द्रीय प्रहरी प्रवक्ता पोषराज पोखरेलका अनुसार शान्तिपूर्ण भनिएको आन्दोलन कसरी उग्र बन्यो र धेरै क्षति भयो भन्ने विषयमा छानबिन गर्न समिति बनाइएको हो।

समितिमा उपत्यका प्रहरीकै प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) हिमालय श्रेष्ठ, जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी सिताराम रिजाल, उपत्यका प्रहरी कार्यालयका एसपी सानुराम भट्टराई र प्रहरी नायब उपरीक्षक (डीएसपी) खुमलाल भुसाल सदस्य छन्।

ट्राफिक प्रहरीले लगाएको जरिवानाको विरोध गर्दै यातायात व्यवसायीले गरेको प्रदर्शनले उग्र रुप लिँदा प्रहरी वृत्त, बालाजुका दुई गाडीमा तोडफोड र आगजनी भएको थियो।

#### सुरक्षाको प्रत्याभूति गर्न चेम्बरको माग

नेपाल चेम्बर अफ कमर्सले व्यावसायिक क्षेत्रमा सुरक्षाको प्रत्याभूति गर्न सरकारसँग माग गरेको छ। चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले बिहीबार एक विज्ञप्ति जारी गर्दै सोमबार नयाँबसपार्कस्थित लोत्से मलमा भएको तोडफोड र पसलभित्र चोरी भएको भन्दै व्यावसायिक क्षेत्रमा सुरक्षाको प्रत्याभूति गर्न सरकारसँग माग गरेका हुन्। 'विभिन्न मजदुर यातायात संघ-सङ्गठनले गरेको आन्दोलनको मौका छोपी नयाँ बसपार्कस्थित लोत्से मलमा रहेका पसलमा तोडफोड गरी लुटपाट भएको घटनामा नेपाल चेम्बर अफ कमर्सको गम्भीर ध्यानाकर्षण भएको छ', चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

चेम्बरले घटनाका दोषीलाई अविलम्ब पक्राउ गरी कानुनी कारबाही गर्न र पीडित व्यवसायीलाई लुटपाटमा संलग्नबाटै क्षतिपूर्तिको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको छ। शान्तिपूर्ण आन्दोलन एवं प्रदर्शन गर्ने अधिकार भए पनि आन्दोलनका नाममा उच्छिङ्खल गतिविधि, लुटपाट र तोडफोड गर्ने छुट कसैलाई नभएको चेम्बरले जनाएको छ।

औद्योगिक एवं व्यावसायिक क्षेत्रको सुरक्षाका लागि सुरक्षा निकायलाई चुस्त र तैनाथी अवस्थामा राख्नुपर्ने अध्यक्ष मल्लको भनाइ छ। व्यावसायिक क्षेत्रमा शान्ति, सुरक्षा कायम गर्न नसकिए व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आउने चेम्बरले जनाएको छ।

राज्यलाई कर तिरेर व्यवसाय सञ्चालन गर्दा समेत शान्ति सुरक्षा कायम हुन नसक्नु दुर्भाग्यपूर्ण भएको चेम्बरले बताएको छ। चेम्बरले लोत्से मलका पीडित व्यवसायीलाई तत्काल क्षतिपूर्ति उपलब्ध गराउन र आगामी दिनमा यस्ता प्रवृत्तिका घटना दोहोरिन नदिन सरकारलाई सचेत गराएको छ।

## घटनामा संग्लन पक्राउ

**काठमाडौं/मस-** गत सोमबार नयाँ बसपार्कमा सञ्चालित लोत्से मल तोडफोड तथा चोरी र प्रहरीको गाडीमा आगजनी गर्ने १५ जना पक्राउ पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले मजदुर आन्दोलनको नाममा प्रहरीको गाडी, प्रहरी पोष्टमा आगजनी र लोत्से मलमा तोडफोड गर्ने १५ जनालाई पक्राउ गरेको हो।

पक्राउपर्नेमा काभ्रेका १९ वर्षीय सुरज मगर, उदयपुरका ३० वर्षीय रितेश बस्नेत, मोरङका ३० वर्षीय यमन राई, नुवाकोटका १८ वर्षीय सुनिल कालीकोटे, २२ वर्षीय रोमन नगरकोटी, १८ वर्षीय सुदीप तामाङ, ३३ वर्षीय माधव शाही र १९ वर्षीय केशर राई रहेका छन्।

सिन्धुलीका १८ वर्षीय इन्द्र तामाङ, धादिङ २६ वर्षीय इलाराज गुरुङ, उदयपुरका २७ वर्षीय राजन राउत, काभ्रेका २८ वर्षीय हरिशरण तामाङ, धादिङका १८ वर्षीय विकाश गुरुङ, चितवनका २७ वर्षीय संविधान परियार र काठमाडौंका १९ वर्षीय कविन खड्गी रहेका छन्।

कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले आगजनी तथा तोडफोड गर्नेमा विद्यार्थी, ड्राईभर, सहचालक रहेको जानकारी दिए। गत सोमबार यातायात मजदुरले आफ्ना माग पूरा गर्नुपर्ने भन्दै आन्दोलन गरेका थिए। आन्दोलन उग्र बनेपछि प्रदर्शनकारीले प्रहरी वृत्त बालाजुको दुईवटा गाडी र अस्थायी प्रहरी बिट जलाएका थिए भने नयाँ बसपार्कस्थित लोत्से मल तोडफोड गर्नुका साथै त्यसभित्र पसेर मोबाइल लुटपाट गरेका थिए। पक्राउ परेकामाथि चोरी तथा डाँकामुद्दामा अनुसन्धान भइरहेको प्रवक्ता राठौरले बताए। यसअघि बुधबार मात्रै प्रहरीले १० जनालाई पक्राउ गरी सार्वजनिक गरेको थियो।

# धाप बाँधबाट बागमती नदीमा जल प्रवाह शुरु



**काठमाडौं/मस-** काठमाडौंको गोकर्णेश्वर १ मा निर्माण गरिएको धाप बाँधबाट बागमती नदीमा जल प्रवाह शुभारम्भ भएको छ। शहरी विकास मन्त्रालयअन्तर्गतको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र बनाइएको धाप बाँधको बिहीबार उपप्रधान एवं ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री राजेन्द्रप्रसाद लिङ्देनले औपचारिक उद्घाटन गरेका हुन्।

उपप्रधानमन्त्री लिङ्देनले उक्त बाँधको पानी स्यालमती खोलामा खसालेर औपचारिक उद्घाटन गरेका हुन्। बागमती नदी बेसिनमा सम्भावित जलवायु परिवर्तन प्रभावहरूका लागि जल सुरक्षा र लचिलोपन सुधार गर्न यो बाँध बनाइएको समितिका अध्यक्ष उद्धव तिमिल्सिनाले बताए। 'बागमती नदीलाई डाउनस्ट्रिम चार्ज गर्न र काठमाडौं उपत्यकामा नदीको वातावरण पुनर्स्थापित गर्न जलाशय निर्माण गरिएको हो,' उनले भने।

धाप ड्यामको समुदघाटन समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री लिङ्देनले बागमती सभ्यता जोगाउने कार्यमा नयाँ आयाम थपिएको बताए।

ड्याम निर्माण बागमती सभ्यताको संरक्षण एवं बागमती सफाइका लागि उदाहरणीय काम भएको भन्दै उनले धाप ड्याम जस्तै अर्को नागमती ड्याम छिटो सम्पन्न गर्न निर्देशन दिए। उनले आफ्नो तर्फबाट नीतिगत, प्रशासनिक र सबै प्रकारको सहयोग हुने पनि बताए। जलाधारको विकास, जलाशयको निर्माण र यस्ता संरचनाहरु पर्यटकीय दृष्टिले समेत आकर्षणको केन्द्र बन्ने, वन्यजन्तुको संरक्षण हुने, पर्यावरण जोगाउन योगदान पुग्ने उल्लेख गर्दै उपप्रधानमन्त्री लिङ्देनले महाशिवरात्री पर्वको पूर्वसन्ध्यामा बहुआयामिक महत्वको कार्य प्रारम्भ गरिनु सुखद भएको बताए।

शहरी विकास मन्त्री विक्रम पाण्डेले धाप ड्याम जस्ता संरचना बनाउँदा बायो इन्जिनियरिङमा ध्यान दिनुपर्नेमा जोड दिए। उनले परामर्शदाता र निर्माण पक्षको आपसी समन्वय नहुँदा आयोजना निर्धारित समयमा बन्न नसकेको र लागत बढ्ने गरेको हुँदा निर्माण प्रक्रियामा रहेका आयोजनाले ध्यान पुऱ्याउन निर्देशन दिए। धाप ड्यामको निर्माणबाट राजधानीबाट नजिकै नयाँ पर्यटकीय गन्तव्य थपिएको मन्त्री पाण्डेले उल्लेख गरे।

गोकर्णेश्वर नगरपालिका वडा नम्बर १ अन्तर्गतको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा एसियाली विकास बैंकको ८९ करोड सहयोगमा धाप ड्यामको निर्माण भएको हो। सुख्खा यामको समयमा समेत बागमतीमा जल प्रवाह वृद्धि गराउने उद्देश्यले काठमाडौंको सुन्दरीजलबाट १८ किमि टाढा ड्याम निर्माण गरिएको हो। एक सय पचहत्तर मिटर लम्बाई रहेको उक्त ड्याम सुख्खा र मुख्य चाडपर्वको समयमा चार सयप्रति सेकेण्ड पानी प्रवाह गर्न सक्ने जनाइएको छ।

अधिकार सम्पन्न एकीकृत बागमती सभ्यता आयोजनाका अध्यक्ष तिमल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा काठमाडौं ३ का सांसद सन्तोष चालिसे, गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसाल, सिंचाइ विभागका महानिर्देशक सुशीलचन्द्र आचार्य, एसियाली विकास बैंकका कन्ट्री डाइरेक्टर आर्नोल्ड लगायतले ड्याम निर्माण, यसका चुनौती र अवसरका विविध पक्षबारे धारणा राखेका थिए।

# तीन कुलपतिले लिए शपथ



**काठमाडौं/मस-** नवनियुक्त तीन कुलपतिले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन्। बिहीबार बिहान बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नवनियुक्त तीन कुलपतिलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्।

प्रधानमन्त्री दाहालले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्मा, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राई र नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीलाई शपथ गराएका हुन्।

सो अवसरमा प्रधानमन्त्री दाहालले तीनैजनालाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए।

# पुल बनाउने सहमतिपछि आमरण अनशन तोडियो



**मध्यान्ह संवाददाता**
रौतहट, ४ फागुन

गौर र ईशनाथ नगरपालिका जोड्ने बकैया नदीमा बनेको अधुरो पुल तत्काल निर्माण गर्नुपर्ने माग राखेर आमरण अनशन बसेका पत्रकार सञ्जय सहनी र सरोकारवालाबीच सहमति भएको छ। आगामी डेढ वर्षभित्र पुल निर्माण कार्य सम्पन्न गर्ने प्रतिबद्धतापछि सहनीले बिहीबार चौथो दिनमा आमरण अनशन तोडेका हुन्।

पुल महाशाखा प्रमुख उमेशविन्दु श्रेष्ठ, संघीय सडक प्रमुख डा.विजय जैसीले डेढ वर्षभित्र पुल निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका हुन्। पूर्व प्रधानमन्त्री तथा रौतहट १ का सांसद माधवकुमार नेपाल, क्षेत्र नम्बर २ का सांसद किरण साह, क्षेत्र नम्बर १ (क) प्रदेश सभा सदस्य नागेन्द्र साहको उपस्थितिमा पत्रकार सहनीले जुस पिएर अनशन तोडेका हुन्।

तोकिएको समय भित्र सहमति कार्वान्वयन नभए सम्बन्धित निकायलाई जानकारी नदिई सीधा आत्मदाहको विकल्प रोज्ने र त्यसको जिम्मेवारी सरकारले लिनुपर्ने चेतावनी समेत पत्रकार सहनीले मध्यान्हलाई दिएका छन्।

# तत्कालीन भन्सार अधिकृत केसीविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रसुवा भन्सार कार्यालयका तत्कालीन अधिकृत दानबहादुर केसीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनले गैरकानुनीरुपमा सम्पत्ति आर्जन गरेको अभियोगमा २ करोड रुपैयाँभन्दा बढी बिगो, त्यति नै जरिवाना र कैद सजायको मागदाबि गर्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए।

आयोगले केसी तथा उनका नातागोताका नाममा भएको सम्पत्तिमध्ये २ करोड १० लाख ४ सय ८२ रुपैयाँको वैध स्रोत खुलाउन नसकेको तथा स्रोत नखुलेको सम्पत्तिलाई बिगो कायम गरी त्यति नै जरिवाना र कैद तथा अवैध सम्पत्तिबाट बढे/बढाइएको सम्पत्ति जफत गर्न मागदाबी लिएको छ।

केसीकी पत्नी सुशीला पण्डितका नाममा घरजग्गा खरिद, बैंक खाताहरुमा रकम मौज्दात लगायतमा गरिएका खर्चमध्ये स्रोत पुष्टि हुन नसकेका तथा लागत मूल्य बराबरको भागको स्रोत नखुलेको सम्पत्ति बिगो र त्यसबाट बढेबढाएको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि उनलाई पनि प्रतिवादी बनाइएको आयोगले जनाएको छ।

अख्तियारका प्रवक्ता भण्डारीका अनुसार अधिकृत केसी सरकारी सेवामा प्रवेश गरेपछिको सम्पत्ति जाँचबुझ गर्दा वैध स्रोत नखुलेको सम्पत्तिउपर बिगो, जरिवाना र कैद सजाय मागदाबीसहित मुद्दा दायर गरिएको हो। २०४३ साउन १ बाट सरकारी सेवा प्रवेश गरेका केसीमाथि २०७८ असार ३० सम्मको ३५ वर्षमा आयआर्जन गरेको सम्पत्ति तथा खर्चविवरणमाथि अख्तियारले अनुसन्धान गरेको थियो।

'सरकारी सेवा प्रवेश गरेयताको ३५ वर्षमा उनको सम्पूर्ण वैधानिक आयहरूमा पारिश्रमिक बचत, विभिन्न प्रोत्साहन भत्ता पुरस्कार रकम, जग्गा बिक्री, कर्मचारी सञ्चयकोषबाट लिएको कर्जा आय, स्वआर्जित घर बहाल आय, पैतृक घर बहाल आय, कृषि आय, अंशबन्डाबाट प्राप्त नगद, बीमा परिपक्व भई प्राप्त गरेको रकम र बैंक ब्याजबाट प्राप्त रकम समेत गरी ३ करोड ५१ लाख १६ हजार २० रूपैयाँ २२ पैसा देखिन्छ,' प्रवक्ता भण्डारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ। तर सोही अवधिमा उनले गरेको खर्च तथा लगानी आयभन्दा २ करोड १० लाख रुपैयाँभन्दा बढी देखिएको भण्डारीले बताएका छन्।

अख्तियारको अनुसन्धानमा केसीको सम्पूर्ण व्यय (खर्च तथा लगानी)मा घर निर्माण, जग्गा खरिद र रजिस्ट्रेसन दस्तुर, संगोलमा रहँदा नै जग्गा खरिद गर्दा भएको निजको भागमा पर्न आउने खर्च, छोरा/छोरीहरुको अध्ययन खर्च, सञ्चयकोषको कर्जा भुक्तानी, स्वआर्जित घर बहाल कर, पैत्रिक घर बहाल कर, बीमाको प्रिमियम भुक्तानीमा भएको खर्च, छोरीहरूलाई दिएको रकम, शेयर खरिदमा भएको खर्च, सवारी साधन खरिदमा भएको खर्च, निजी भ्रमणमा भएको खर्च, औषधि उपचार खर्च, सुन खरिदसमेत गर्दा भएको खर्च र बैंक मौज्दातसमेत गरी ५ करोड ६१ लाख २६ हजार ५ सय २ रुपैयाँ ७३ पैसा देखिएको छ।

# न्यायिक समिति राष्ट्रिय सम्मेलन हुने



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले न्यायिक समिति राष्ट्रिय सम्मेलन गर्ने भएको छ। देशभरका स्थानीय तहको सहभागिता गराउने उद्देश्यसहित आगामी चैत २४ र २५ गते सम्मेलन गर्न लागिएको काठमाडौं महानगरपालिकाकी उपप्रमुख एवं न्यायिक समिति संयोजक सुनिता डङ्गोलले जानकारी दिइन।

उनका अनुसार स्थानीय तहमा न्याय सम्पादनको अनुभव आदान-प्रदान गर्ने उद्देश्यका साथ सम्मेलन आयोजना गर्न लागिएको हो। काठमाडौंमा हुने सम्मेलनमा देशभरका सबै स्थानीय तहलाई आमन्त्रण गरिने जनाइएको छ।

सम्मेलनको तयारीका लागि उपप्रमुख डङ्गोलको अध्यक्षतामा न्यायिक समिति मूल समारोह समिति गठन गरिएको छ। संयोजक डङ्गोलले सबै पालिकाका न्यायिक समितिबाट प्रतिनिधित्व गराउने र असल अभ्यास आदान-प्रदान गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको बताइन्। सम्मेलनलाई नतिजामुखी बनाउने, प्राप्त उपलब्धिलाई संस्थागत अभिलेखमा राख्ने र आपसी सिकाइ प्रवर्द्धन गर्ने गरी सम्मेलन सञ्चालन गर्ने तयारी महानगरको रहेको छ।

सम्मेलन विशेषगरी चार मूल विषयमा केन्द्रित हुनेछ। न्यायिक समितिको अवधारणा, विभिन्न कानूनमा भएका न्यायिक समितिसम्बन्धी व्यवस्था, न्याय सम्पादनमा न्यायिक समितिको क्षेत्राधिकार र यसको प्रचलन प्रस्तुतिको एउटा विषय हो। दोस्रो विषयका रूपमा स्थानीय विवाद समाधानमा मेलमिलाप प्रक्रिया र यसको प्रवर्द्धनसम्बन्धी विषय राखिएको छ। न्यायिक समितिले गर्ने न्यायिक निर्णय र यसका लागि अनिवार्यरूपमा पालना गर्नुपर्ने प्रक्रिया तेस्रो प्रस्तुतिका रूपमा रहनेछ।

यस्तै न्यायिक समितिमार्फत भएका मिलापत्र र निर्णयको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता तथा त्यसका लागि आवश्यक संस्थागत प्रबन्ध प्रस्तुतिको चौथो विषय हुनेछ। सम्मेलनबाट प्राप्त उपलब्धिलाई संस्थागत प्रबन्धबाट उपयोगमा ल्याउन न्यायिक समिति राष्ट्रिय सञ्जाल, प्रदेश सञ्जाल र जिल्ला सञ्जाल चयन हुनेछ। राष्ट्रिय सञ्जालका पदाधिकारीको चयन पनि सम्मेलनबाटै हुने बताइएको छ। काठमाडौं विवाद निरुपण घोषणा, २०७९ जारी गर्दै सम्मेलन सकिने बताइएको छ।

न्यायिक समितिले विशेषगरी सामान्य खालका मामिला, जग्गा जमिन, अंशबन्डा, साँध विवादजस्ता मुद्दाको टुङ्गो लगाउने छ। न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिति संयोजक र सदस्यले सामूहिकरूपमा गर्नेछन्। गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षितरूपमा राख्नुपर्ने छ। समितिले आफूले गरेको कामको वार्षिक विवरण प्रमुखमार्फत सम्बन्धित सभा गाउँ वा नगरसभामा पेश गर्नुपर्ने छ। संवैधानिक व्यवस्थाअनुरूप नै गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ।

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/११/०५ गते**

**एस.एस. एभरेष्ट फेमश इण्डष्ट्रिज प्रा.लि.** को मिति २०७९/०८/२९ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस.एस. एभरेष्ट एग्रीकल्चर मल्टिपर्पोज प्रा.लि. (प्रा.लि.नं.: २७३५६२)** साथै साविकलाई परिवर्तन गरी **तार्केश्वर न.पा.-२, काठमाडौं** कायम गर्ने गरी मिति २०७९/०९/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको सूचना**

**सूचना प्रकाशित मिति :२०७९।११।०५**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री **All Cornice Overseas Service Pvt. Ltd. (ई.प.नं. ८४३/०६६/०६७)**, तपसिल बमोजिमका सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु तपसिल बमोजिमका खरिदकर्तालाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम/शेयर संख्या |
|---|---|
| १. विष्णु बहादुर भण्डारी (०१-५८५००)<br>२. कृष्ण बहादुर खत्री (५८५०१-६००००) | १. राजु ढकाल (१-२३४००)<br>२. बलाराम श्रेष्ठ (२३४०१-४६२००)<br>३. कृष्ण बहादुर खत्री (४६२०१-६००००) |

**साउदीमा रोजगार** | **कम्पनी:** HINDIYAH ALI HAZAZI EST. FOR FOOD STUFF
**शहर:** Saudi Arabia

**पुर्व स्वीकृत मितिः २०७९/०७/३०** **चलानी नं.: ६०१९१४२६** **LT. No.: 275747** **पुन:विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Drilling Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२. कम्पनी:** NASSER YAHIYA HAZAZI GENERAL CONTRACTING ESTABLISHMENT **शहर:** Saudi Arabia
**पुर्व स्वीकृत मितिः २०७९/०७/३०** **चलानी नं.: ६०१९१४२७** **LT. No.: 275749** **पुन:विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Drilling Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १२ गते (24 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Euro-Asia Employment Service Pvt. Ltd.** Govt. Lic: 548/062/63
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ फागुन २०७९, शुक्रबार
17 February 2023, Friday

## सम्पादकीय

# दायित्व भुल्दा भइरहने दुर्घटना

ग्याँस लिक भएर लागेको आगोमा परेका नेपाली कांग्रेसका नेता एवम् प्रतिनिधिसभा सदस्य चन्द्र भण्डारीलाई थप उपचारका लागि भारतको मुम्बई लगिएको छ । कीर्तिपुरस्थित जनसरोकार स्वास्थ्य ट्रस्टमा उपचार हुन नसकेपछि श्री एयरलाइन्सलाई एयर एम्बुलेन्समा परिणत गरी भण्डारीलाई थप उपचारका निम्ति मुम्बई लगिएको हो । तर भण्डारीका आमाको भने बिहीबार मृत्यु भएको छ । राजधानीको बुद्धनगरस्थित कोठामा ग्याँस लिक भएर बुधबार राति आगलागी हुँदा भण्डारी र उनको आमा परेका थिए । आगलागीमा परेर आमा हरिकलाको ७० प्रतिशत भाग जलेको थियो । त्यसैले थप उपचार नपाउँदै उनको मृत्यु भयो । भण्डारीको भने २५ प्रतिशत शरीर जलेको चिकित्सकहरूले जनाएका छन् । तर नेपालमा उपचार सम्भव नरहेको भनेपछि नेपाली कांग्रेस र सरकारी उच्च अधिकारीहरू भण्डारीलाई भारत लैजाने गृहकार्यमा लागेका थिए ।

बिहीबार सात घण्टा लामो प्रयत्नपछि भण्डारीलाई मुम्बई लगिएको छ । यसले नेपालमा आगलागीमा परेका व्यक्तिको उपचार सजिलो नरहेको देखाउँछ । नेपालमा आगलागीमा परेर ज्यान गुमाउनेहरूको संख्या डरलाग्दो हुनु र सांसद भण्डारीको उपचारका निम्ति भारत लैजान देखिएको कठिनाइबाट सम्बन्धित निकाय सचेत हुन आवश्यक देखिन्छ । आवश्यक उपचारका निम्ति पूर्वाधार निर्माण र जनशक्ति उत्पादन दीर्घकालीन योजनामा पर्न आवश्यक छ । जटिल समस्यामा परेकालाई एयर एम्बुलेन्सको अभाव र एयर एम्बुलेन्स भारत लैजाने अपनाउनुपर्ने प्रक्रियामा रहेको जटिलता हल गर्नु अर्को शिक्षा हो । त्यो भन्दा ठूलो तयारी र सावधानी भने सजिलै अपनाउन सकिन्छ ।

त्यो भनेको म्याद गुज्रिएका उपभोग्य सामग्री उपयोग गर्ने बाध्यता हल गर्नु हो । अहिले पनि ग्याँस लिक हुनु, बिस्फोट हुनुदेखि अखाद्य वस्तु उपभोगका अनेक समस्यामा नागरिक परिरहेका छन् । यसले हाम्रो अनुगमन गर्ने निकायको कमजोरीलाई प्रष्ट्याउँछ । अझ राजधानी उपत्यकामा त अनुगमन गर्ने निकाय एक भन्दा बढी छ । संसदको उपभोक्ता हित संरक्षण समितिको बैठक राजधानी उपत्यकामै बस्छ । यो समितिको काम उपभोक्ताको हितलाई ध्यान दिने हो । आपूर्ति मन्त्रालय, महानगरपालिकाको संरचनामा उपमेयर र जिल्ला प्रशासन कार्यालयमा सहायक प्रमुख जिल्ला अधिकारीको घोषित दायित्व अनुगमन हो । तर सार्वजनिक खपतलाई मात्रै ध्यानमा राखेर अनुगमन हुनु र नागरिकले म्याद गुज्रिएका सामग्रीकै कारण ज्यान गुमाउनुपर्नेसम्मका घटना रोकिएका छैनन् । अतः उपभोग्य सामग्री उत्पादक संस्थालाई जिम्मेवार बनाउनेगरी अनुमगमनलाई जोड दिनु आवश्यक छ ।

## तपाईंको राशिफल

मेष : झूठो आरोप लाग्न सक्छ । तर, शिक्षामा लाभ प्राप्त हुनेछ ।

वृष : राजनैतिक कार्यमा रूकावट आउनसक्छ । तर, अन्य उन्नतिको मार्ग खुल्नेछन् ।

मिथुन : वाणी संयम् राख्नुहोला । जोखिम लिनु हुँदैन ।

कर्कट : सन्तान सुख प्राप्त हुनेछ । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।

सिंह : सम्पर्कमा वृद्धि हुनेछ । पारिवारिक भेटघाट हुनेछ ।

कन्या : अर्कामाथि भरोसा नगर्नु होला । चिन्तामा वृद्धि हुनेछ ।

तुला : विदेश यात्राको योग छ । पुराना काम सफल हुनेछन् ।

वृश्चिक : काम बन्ने योग देखिन्छ । सुख सुविधामा वृद्धि होला ।

धनु : आर्थिक कार्यमा अनुकूल प्रगति हुन्छ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।

मकर : नयाँ कार्यमा प्रगति, विरोधी सक्रिय हुनेछन् ।

कुम्भ : जग्गा खरिद हुने योग छ । साहसी कार्य सफल हुनेछन् ।

मीन : सम्मानमा वृद्धि होला । सन्तुलित आहार लिनुहोला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मकाउ र हङकङ नेपाली कामदारका लागि निकै आकर्षक गन्तव्य स्थल हो । तर, पछिल्लो केही वर्षदेखि दुवै क्षेत्रमा नेपाली कामदार जान सहज छैन । हङकङमा त नयाँ कामदारलाई जाने नै अवस्था छैन भने मकाउमा पनि समस्या देखिन थालेको छ । मध्यान्ह दैनिकले मकाउमा रहेर व्यवसाय गरिरहेका सफल युवा व्यवसायी **युवराज न्यौपाने**सँग मकाउमा नेपालीका लागि रोजगारीको अवस्थाबारे केही जिज्ञासा राखेको छ । मकाउ नेपाली समाजका अध्यक्षसमेत रहेका न्यौपानेसँग मकाउमा रोजगारीको अवस्था र सम्भावनाबारे **मध्यान्ह दैनिक**का **सन्देश अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :



# ‘नेपालीलाई जापान र कोरियाको विकल्प हुनसक्छ मकाउ’

■ युवराज न्यौपाने
अध्यक्ष, नेपाली समाज मकाउ

*जापान र कोरिया जान नसक्नेका लागि असाध्यै उपयुक्त ठाउँ हो-मकाउ । यहाँ युरोपकै तहमा आम्दानी गर्न सकिन्छ । तत्कालका लागि हेर्दा, जापान र कोरियाको विकल्प मकाउ हुनसक्छ । ठूलो लगानी गर्न नपर्ने अनि जीवनभर भासिनु पनि नपर्ने हुँदा मकाउ नेपालीका लागि असाध्यै आर्कषक क्षेत्र बन्दै गएको छ ।*

**मकाउ नेपालीका लागि कस्तो ठाउँ हो ?**

मकाउ वैदेशिक रोजगारमा जान चाहने नेपालीका लागि निकै आकर्षक ठाउँ हो । जापान र कोरिया जान नसक्नेका लागि असाध्यै उपयुक्त रोजगार गन्तव्य हो मकाउ । यहाँ युरोपकै तहमा आम्दानी गर्न सकिन्छ । तत्कालका लागि हेर्दा, कोरिया र जापानको विकल्प मकाउ हुनसक्छ । ठूलो लगानी गर्न नपर्ने अनि जीवनभर भासिनु पनि नपर्ने हुँदा मकाउ नेपालीका लागि असाध्यै आर्कषक क्षेत्र बन्दै गएको छ । सामान्यतयाः एउटा सेक्युरिटी गार्डले पनि मासिक दुई/तीन लाख सहजै कमाउने अवस्था मकाउमा छ ।

तथापी, केही सीमितता भने यहाँ छन् । चीनको स्वशासित क्षेत्र भएको कारण यहाँ सेक्युरिटी सिस्टम अन्य देशको तुलनामा केही टाइट छ । तथापी, इमानदार, अनुशासित र कामप्रति जिम्मेवारका लागि समस्या छैन । यहाँ दक्ष जनशक्तिका लागि असाध्यै धेरै अवसर छन् ।

**मकाउमा विशेषगरी कस्ता प्रकृतिका कामहरु पाइन्छन् ? के-कस्ता जनशक्तिलाई मकाउ उपयुक्त ठाउँ हो ?**

मकाउ एउटा सामूद्रिक टापु हो । ११८ वर्ग किमिमा फैलिएको यो ठाउँ पर्यटकीय गन्तव्यको रूपमा परिचित छ । यहाँ बिदा मनाउन आउने विदेशी पर्यटकहरुको घुँइचो हुन्छ । यो ठाउँ विशेषगरी क्यासिनोको कारण पनि प्रसिद्ध छ । यहाँ करिब ४० भन्दा बढी ठूला स्तरका क्यासिनो सञ्चालनमा छन् ।

होटल, रेष्टुरेण्ट र क्यासिनो भएको कारण स्वभाविक यस्तै क्षेत्रमा दक्ष कामदारको खाँचो यहाँ देखिन्छ । होटल म्यानेजमेन्टमा दक्ष जनशक्तिलाई यो क्षेत्र निकै उपयुक्त ठाउँ हो । यहाँ क्लिनर, कुक, वेटर, सेक्युरिटी गार्डको सबैभन्दा बढी खाँचो छ । जुन नेपाली कामदारको लागि उपयुक्त क्षेत्र पनि हो ।

**पछिल्ला केही वर्षदेखि मकाउमा नेपाली कामदार जान सहज देखिन्न । नेपाली कामदार जाने अवस्था नहुनुको कारण के हो ?**

विशेषगरी कोरोना भाइरसको शुरुवातसँगै चीनले आफ्ना नागरिकलाई सुरक्षित राख्न विशेष कोभिड नीति बनायो । जुन देशमा कोरोना शून्य छ त्यस देशबाट मात्र आगमन हुन सक्ने शून्य कोभिड नीतिको कारण नेपालबाट मात्र होइन संसारका जुनसुकै देशबाट पनि चीनमा व्यापार व्यवसाय र अध्ययन गर्न जाने सबै रोकिएको कुरा

*मकाउ आउन चाहने कामदारले दुई/तीन वटा कुरामा ध्यान दिनुपर्छ । पठाउने म्यानपावर एजेन्सी नेपाल सरकारबाट मान्यता प्राप्त हो वा होइन, विदेशी कामदार ल्याउनको लागि मकाउ सरकारले आधिकारिकता दिएको छ कि छैन, थाहा पाउनुपर्छ । साथै, काम दिने कम्पनी, सेवा सुविधा, लागतलगायतका विषयमा पनि ध्यान दिनुपर्छ ।*

अवगत नै छ । मकाउ पनि चीनको विदेश नीति पालना गर्ने हुनाले नेपाली आउन असहज भएको हो । चीनले आफ्नो नीति फेरेसँगै अब सबै सामान्य अवस्थामा फर्किसकेको छ । अहिले क्रमशः नेपाली कामदार आउने अवस्था सिर्जना भएको छ । जनवरीदेखि नै नेपाली कामदार आउन शुरु भएको छ ।

**कोरोनाकालपछि पनि मकाउमा थुप्रै होटल तथा क्यासिनो थपिएका छन् । बताइएअनुसार त्यहाँ कामदारको पनि खाँचो छ । थोरै संख्यामा गइरहेको अवस्था भएपनि धेरै संख्यामा नेपाली लैजाने अवस्था छ कि छैन ?**

तपाईंले भनेजस्तै, कोरोनाकालपछि पनि मकाउमा थुप्रै होटल तथा क्यासिनोहरु थपिएका छन् । यो भनेको थप रोजगारीको सिर्जना हुनु पनि हो । केही कम्पनीहरुले कामदार पनि माग गरेका छन् । यहाँको पर्यटन क्षेत्र विस्तारै खुला हुँदैछ । अब छिट्टै संख्यात्मक हिसाबले धेरै कामदार माग्ने अवस्था पनि आउँछ । जुन नेपालीका लागि राम्रो कुरा हो ।

तर, नेपालमा श्रम स्वीकृति प्रकिया निकै झन्झटिलो भएको कारण कामदारहरु आउन नै ढिलाइ हुन्छ । यसलाई थप फास्ट ट्रयाकमा गर्न सके धेरै कामदार आउने अवस्था बन्छ । त्यसमा सरकार र वैदेशिक रोजगार विभागले समन्वय गरिदिन आवश्यक छ । यदि त्यस्तो समन्वय भएमा शुरुवाती चरणमै धेरै कामदार भित्रिने अवस्था बन्छ । नत्र अन्य देशका कामदार आउने वातावरण पनि हुन्छ ।

**मकाउ नजिकै हङकङ पनि छ । तर, त्यहाँ नेपाली कामदारहरु जाने अवस्था पछिल्लो समय देखिन्न । त्यहाँ जाने अवस्था किन भएन ? तपाईंहरुले त्यहाँबाट केही पहल गर्नुभएको छ कि छैन ? एनआरएनको भूमिका के छ ?**

हङकङको विषयमा कुराकानी गर्दा, त्यहाँ नेपालीहरुले काम पाउने सम्भावना निकै कम छ । हङकङको आवासीय कार्ड बाहेक अरु नेपालीलाई काम गर्न अनुमति छैन । कि विशेष भिसा (दक्ष कामदार) हुनुपर्‍यो कि हङकङको बासिन्दा नै हुनुपर्‍यो, अन्यथा हङकङमा नेपालीले रोजगारी पाउने अवस्था छैन । यस विषयमा नेपाल सरकारले परराष्ट्र तहबाट पहल गर्न सके हङकङमा पनि कामदार जाने अवस्था भने बन्छ । नेपाली कामदारप्रति हङकङमा जस्तो खालको अविश्वास पैदा भएको भएको त्यसलाई हल गर्नुपर्ने हुन्छ । त्यो सरकारको उच्च तहबाट मात्रै सम्भव छ ।

**विशेषगरी मकाउ लैजाने नाममा निकै ठगी भएका पनि समाचारहरु आइरहेका हुन्छन् । यसलाई रोक्ने विषयमा तपाईंहरुको तहबाट केही पहल भएका छन् कि छैनन् ?**

यो एकदमै गम्भीर विषय छ,



